नेपाल सरकार

# शान्ति तथा पुनर्निर्माण मन्त्रालय

(अनुगमन तथा मूल्याङकन शाखा)

पं. सं. ०६८।६९ अनुगमन शाखा **(POST OFFICE / DELIVERY REQUEST)** च.नं. ५९

मितिः २०६८।८।१५

विषय : पत्र समयमा तामेल नभएको भन्ने गुनासो जिल्लाबाट आएको सम्बन्धमा अनुरोध गरिएको बारे ।

श्री सूचना तथा सञ्चार मन्त्रालय
सिंहदरबार, काठमाण्डौं ।

उपर्युक्त बिषयमा नेपाल सरकारको मितव्ययिता सम्बन्धी निर्देशिका २०६८ तथा यस मन्त्रालयको निर्णयानुसार कुनै पनि सरकारी पत्र तथा हुलाकबाट जान सक्ने खालको सरकारी पार्शल यथासंभव हुलाकबाटै पठाउने व्यवस्था गरिएको व्यहोरा सादर अनुरोध गर्दछु ।

सिंहदरवार कम्पाउण्ड भित्रको हुलाकवाट रजिष्टर्ड गरिएको यस मन्त्रालयको च.न. १५ मिति २०६८।५।२ को पत्र तनहुँ जिल्ला सदरमुकाम स्थित, व्यास नगरपालिका वडा न. २, गणेशमान चोकमा, तामेल नभई, स्थानीय शान्ति समितिको कर्यालय फेला नपरेको भनी फिर्ता आएकाले पुन पठाएको छ । पुनः पठाएको पत्र समेत पुगीनसकेको भन्ने सोही समितिका सचिव श्री नीलकण्ठ सिग्देल( मो९८४१८२९५७६) ले फोनबाट जानकारी दिनु भएको छ ।

सोही पत्र स्थानीय शान्ति समितिको कार्यालय पाँचथर सदरमुकाम फिदिमस्थित शान्ति समितिको कार्यालयमा तामेल नभई उक्त कार्यालयका सचिव श्री देवीमाया थापा (मो.९८४१५९२८६५) सँग सरकारी तवरबाट जानकारी माग गर्दा पत्र कार्यालयमा नपुगेको बरु हुलाक कार्यालयमा पेण्डिङ्ग रही रहेकोले आफैले हुलाकमा गई उक्त पत्र मागेर ल्याई कार्यान्वयन भईरहेको जानकारी प्राप्त भएको छ ।

डोल्पा जिल्लाको स्थानीय शान्ति समितिको नाममा यस मन्त्रालयले २०६८ साल बैसाखमा पठाएको अख्तियारी खामिएको पत्र २०६८ साल श्रावणको १३ गते मात्र पाएको भन्ने गुनासो सोही समितिका सचिव श्री नन्दबहादुर चलाउने (मो.९८४१८१२३५६) द्वारा मन्त्रालयमा जानकारी आउनुका साथै माथि उल्लिखित हालका दुबै पत्रहरु पनि त्यहाँ नपुगेको जानकारी पनि आएको छ ।

सिंहदरवार कम्पाउण्ड भित्रको सोही हुलाकवाटै रजिष्टर्ड गरिएको यस मन्त्रालयको च.न. १५ मिति २०६८।५।२ को पत्र तथा सोही हुलाकबाट रजिष्टर्ड गरिएको च.नं ४९ मिति २०६८।८।२को दुबै

नेपाल सरकार

# शान्ति तथा पुनर्निर्माण मन्त्रालय

(अनुगमन तथा मूल्याङ्कन शाखा)

पं. सं. ०६८।६९ अनुगमन शाखा **(POST OFFICE / DELIVERY REQUEST)** च.नं. ५९

पत्र हाल सम्म स्थानीय शान्ति समितिको कर्यालय धादिङ.बेसीमा नपुगेको भनी सोही समितिका सचिव श्री राजाराम रिजाल (मो.९८५११२९४८९) ले जानकारी दिनु भएको छ ।

सोही हुलाकबाट रजिष्टर्ड भएको यसै मन्त्रालयको च.न. ४९ मिति २०६८।८।२ को पत्र समेत ७५ वटै स्थानीय शान्ति समितिको कार्यालयमा समयमा पुग्ने ब्यबस्था हुन सादर अनुरोध गर्दै,ती पत्रहरु यथा निकायमा जान लागेको समय सही हो वा सरकारी निकाय वा ब्यक्ति वा खुदै यस मन्त्रालय समेतको वा अन्य कसैको कमीकमजोरीको कारणले यसो भएको हो भन्ने बिषयमा त्यहाँबाट आबश्यक कारबाही भई हुलाकबाट पठाएका पत्रहरु समयमा तामेल हुने व्यवस्था भएमा यस मन्त्रालय सहित सबै सरकारी निकायको काममा सरलता र शिघ्रता हुने ठानिएकोले आबश्यक कार्यार्थ निर्देशानुसार हार्दिक अनुरोध गर्दछु ।

(प्रेमप्रसाद संजेल)
उपसचिव